# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, माघ १६ गते २०४६ साल ( संख्या ४१

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा विक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय खेलकूद परिषदले सिंगापुरबाट पैठारी गर्ने सिंगापुर डलर ५९,३५७।– मूल्यका फिजिकल फिटनेस् तथा वेट टेनिङ्ग जिम्नाजियम बनाउने सामानमा लाग्ने भन्सार महशूल तथा विक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा विक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय समाचार समितिले आयात गर्न लागेको जापानी यान १८,७१,८०५।– मूल्य बराबरको "रिको अफसेट प्रिन्टिङ्ग सिस्टम १० × १०" को पैठारीमा लाग्ने भन्सार महशूल तथा विक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उपसचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# आवास तथा भौतिक योजना मन्त्रालयको

## सूचना १

नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको पदाधिकारी रहने गरी सिराहा जिल्लाको लाहान नगर पञ्चायतमा लाहान नगर विकास समिति गठन गरेको छ ।

समितिको गठन:

१. अञ्चलाधीश, सगरमाथा अञ्चल — अध्यक्ष
२. सभापति, सिराहा जिल्ला पञ्चायत — सदस्य
३. प्रमुख जिल्ला अधिकारी, सिराहा जिल्ला — सदस्य
४. सम्बन्धित इलाकाको प्रतिनिधित्व गर्ने सदस्य जिल्ला पञ्चायत, सिराहा — सदस्य
५. श्री ५ को सरकारबाट मनोनीत जनप्रतिनिधि वा समाजसेवी दुईजना — सदस्य
६. प्रधानपञ्च, लाहान नगर पञ्चायत — सदस्य
७. प्रमुख, जिल्ला मालपोत कार्यालय, सिराहा — सदस्य
८. प्रमुख, खानेपानी तथा ढल निकास, जिल्ला कार्यालय, सिराहा — सदस्य
९. प्रमुख, भवन र आवास तथा शहरी विकास जिल्ला कार्यालय, सिराहा — सदस्य-सचिव

द्रष्टव्य:– (१) अञ्चलाधीशको अनुपस्थितिमा अध्यक्षको काम प्रमुख जिल्ला अधिकारीले चलाउनेछ ।

(२) मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

खण्ड २९, संख्या २३, मिति २०३६।६।८ नेपाल राजपत्र भाग ३ मा प्रकाशित लाहान नगर विकास समिति गठनसम्बन्धी सूचना खारेज गरिएको छ ।

## सूचना २

नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको पदाधिकारी रहने गरी रूपन्देही जिल्लाको बुटवल नगर पञ्चायतमा बुटवल नगर विकास समिति गठन गरेको छ ।

समितिको गठन:

१. अञ्चलाधीश, लुम्बिनी अञ्चल — अध्यक्ष
२. सभापति, रूपन्देही जिल्ला पञ्चायत — सदस्य
३. प्रमुख जिल्ला अधिकारी, रूपन्देही जिल्ला — सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८